नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)**

बुद्धनगर, काठमाडौं

## छात्रवृत्ति आवेदन फारम भर्ने सूचना

१८ महिने टिएसएलसी तथा ३ वर्षे डिप्लोमा तहमा अध्ययन गर्न चाहनेहरुका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोमा विगतमा छनोट तथा बैकल्पिक सूचीमा रहेका बिद्यार्थीहरुलाई छात्रवृत्ती आवेदन फाराम भरी दर्ता गराउन पटक-पटक सूचना प्रकाशन गरिएकोमा हालसम्ममा स्वीकृत कोटामा आवेदन नपुग भएकाले उक्त तहमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूले छात्रवृत्ति आवेदन फाराम भरी शिक्षालय/विद्यालय/संस्थाले प्रमाणित गरी यस परियोजनामा मिति २०७५/१०/१३ गते कार्यालय समयभित्र छात्रवृत्ति आवेदन फारम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**डिप्लोमा/टिएसएलसि तहको हकमाः** पूर्व प्रकाशित सूचनाहरुबाट प्राप्त आवेदन फारामबाहेक बाँकि रहेको डिप्लोमा तहको हकमा २२ कोटा र टिएसएलसि तहको हकमा ४०१ कोटाका लागि प्राप्त आवेदन मध्ये पूर्व प्रकाशित पिएमटीको योग्यता क्रम (MeritList) का आधारमा छनोट गरिने छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

१. जन्म दर्ता/नागरिकता (नागरिकता नबनेको हकमा बाबु वा आमाको नागरिकताको प्रतिलिपि)

२. SLC/SEE को रजिष्ट्रेशन खुलेको कागजातको प्रतिलिपि

३. CTEVT को प्रवेश परीक्षा उत्तीर्ण रिजल्टको प्रमाणित प्रतिलिपि

थप जानकारीका लागि वेवसाइट www.event.gov.np,

टोल फ्रि नम्बर १६६००१६७७७७, फोन नं. ०१-४७८६४११